## सानीभेरी गाउँपालिका गाउँसभाको १९औं गाउँसभा समारोहमा गाउँपालिका उपाध्यक्ष श्री कमला रोका पुनद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

१. सानीभेरी गाउँपालिकाको गरिमामय १९ औं अधिवेशनको पहिलो बैठकमा गाउँपालिकाको उपाध्यक्षको हैसियतले नेपालको संविधानको धारा २३० को बमोजिम आर्थिक वर्ष २०८३/८४ को आय व्यय अनुमान बजेट खाका यस सम्मानित सभामा प्रस्तुत गरिरहँदा मैले गर्वको अनुभुति गरेको छु।

२. यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना लागि समय- समयमा भएका राजनीतिक आन्दोलनहरु, महान सशस्त्र संघर्ष, जनआन्दोलन, विभिन्न समयमा भएका क्रान्ति र संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात - अज्ञात शहीदहरुप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।साथै घाइते आपांग र बेपत्ता नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।यस शासन प्रणालीलाई आत्मासात गर्दै राष्ट्रियता, स्वाधिनता,सामाजिक न्याय, समानता र समृद्धिको प्राप्तिको संघर्ष गर्नुहुने महान् नेपाली जनता र सो अभियानको सफल नेतृत्व गर्नुहुने नेपालि राजनीतिका शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहान्छु।

३. संवत २०८० साल कार्तिक १७ गतेको भुकम्पबाट प्रभावितहरुको नीजि आवास पुननिर्माण गरी जीवन सामान्य अवस्थामा फर्काउन भएको ढिलाईप्रति क्षमा चाहन्छु।आगामी आर्थिक वर्षमा तहगत सरकारको समन्वय र सहकार्यमा निजी आवास पुननिर्माणले गति लिने विश्वास लिएको छु।

४. नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन,२०७४, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको स्रोहौं योजना, कर्णाली प्रदेश दोस्रो पन्चवर्षीय योजना, सङ्घीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम,पालिकाको

आवधिक योजना, मध्यमकालिन खर्च संरचना, पालिकाको विशिष्ट सम्भाव्यता र आवश्यकता, विभिन्न सरोकारवाला निकाय, विषयगत समितिका सुझावहरु, पालिकावासी आमाबुबा, दाजुभाई, दिदिबहिनीमार्फत लिखित, मौखिक, अनलाइन तथा विभिन्न माध्यमबाट प्राप्त र प्रस्तुत जनअपेक्षा र सुझावहरु, साथै विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित सरोकारवाला तथा विज्ञबाट प्राप्त औपचारिक तथा अनौपचारिक परामर्श तथा विषयगत समितिका मार्गदर्शनहरुलाई समेट्दै आगामी आर्थिक बर्ष २०८३/०८४ को नीति कार्यान्वयन गर्ने औजारको रुपमा यो बजेट रहनेछ।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

५. यो बजेटले पालिकाको सामाजिक, आर्थिक, साँस्कृतिक, प्रविधि, दिगो पूर्वाधार निर्माण, नवप्रवर्तन, उद्यमशिलता, विपद् उत्थानशिलता विकास तथा गरिब तथा विपन्न बर्ग, क्षेत्रको आशा र भरोषाको माध्यम बन्ने अपेक्षा लिएको छु।

६. आकासिदो मुल्य वृद्धि तथा आपूर्ति प्रणालीमा आएको कठिनाइले स्थानीय अर्थतन्त्रमा समेत प्रभाव पारेको छ। आर्थिक स्रोतको अभाव, संघ तथा प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा रहेको समस्या। प्राप्त स्रोत साधनको समूचित परिचालन मार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक र नतिजामुखी बनाई विकास र समृद्धिका आकाँक्षाहरु पूरा गर्नुपर्ने चुनौती हाम्रो सामू रहेको छ।

७. भुकम्प पछिको पुननिर्माण, भौगोलिक विकटता, सामाजिक तथा आर्थिक विपन्नता जस्ता कारणले विकास र सेवा प्रवाहमा चुनौति थपेको छ।

८. जनतासँगको निकटता, स्थानीय स्रोत—साधनको उपयोग, सामाजिक चेतनाको विकास, उद्यमशिलता विकास, स्थानीय कला संस्कृति, रैथाने अन्न वालि तथा वनस्पतिको संरक्षण, वन तथा खानी र नदिजन्य पैदावरको उपयोग, सूचना प्रविधिको विकास तथा अन्तरसरकारी सहकार्यका प्रशस्त अवसरहरू छन्।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

९. माथि उल्लेखित चुनौति र अवसरको आधारमा रहि आगामी आर्थिक वर्ष २०८३/८४ मा प्रस्ताव गरिएको बजेटका उदेश्य प्रस्तुत गर्ने अनुमति चाहान्छु। बजेटका उदेश्यहरु निम्न अनुसार प्रस्तुत गरिएको छः

क. उत्पादन वद्धि मार्फत रोजगारी सृजना र आत्मनिर्भर पालिकाको निर्माण गर्ने

ख. दिगो तथा विपद् उत्थानशिल पूर्वाधार विकासको निर्माण गर्ने

ग. गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा पालिकाबासीको सहज पहुँच वृद्धि गर्ने

घ. नवप्रवर्तन तथा उत्थानशिलतामा प्रवर्द्धन गर्ने

ङ. सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग मार्फत सुशासनको अनुभुति दिलाउदै शासकीय सहभागिता बढाउने

१०. आर्थिक वर्ष २०८३/८४ मा प्रस्ताव गरिएको बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु। बजेटका प्राथमिकता निम्न अनुसार प्रस्तुत गरिएको छः

क. नियमित सडक मर्मत सुधार तथा अधुरा योजनाहरुको निरन्तरता

ख. कृषि तथा पशुपंक्षि विकास कार्यक्रम सञ्चालन

ग. स्वास्थ्य खानेपानी तथा सरसफाइ

घ. शिक्षा विकास, युवा तथा खेलकुद

ङ. वातावरण, हरियालि तथा विपद् व्यवस्थापन

च. लैङ्गिक समानता, सामाजिक समावेशिकरण तथा लक्षित बर्ग

छ. रोजगार प्रवर्द्धन र उद्यमशिलता विकास

ज. पर्यटन तथा सूचना प्रविधि र डिजिटल प्रणालीको उपयोग

झ. राजश्व प्रशासन, कर्मचारी प्रशासन र विवाद निरुपन

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

११. विभिन्न असहज परिस्थितिका बाबजुद हामिले लिएको संकल्प, निर्धारण गरेको विकास र समृद्धको यात्रामा सुविचारित प्रयासहरुको कारण हामी आजको स्थितिमा आइपुग्न सफल भएका छौं। हाम्रो बजेटले लिएका

उद्देश्य र प्राथमिकता हासिल गर्न देहाय बमोजिमका सुधारका प्रस्तावहरु पेश गरेको छु।

१२. आगामी आर्थिक वर्षको बजेट कार्यन्वयनका लागि आवश्यक पर्ने कार्ययोजना साउन मसान्तभित्रै स्वीकृत गरी कार्यन्वयनमा ल्याइनेछ। उक्त कार्ययोजना कार्यन्वयनका लागि खरीद योजना, ठेक्का ब्यबस्थापन, जनशक्ति ब्यबस्थापन र स्रोत व्यवस्थापनका कार्यहरु समयमा नै गरिनेछन्।

१३. श्रोत अभावको परिपूर्ति गर्न गाउँपालिकाको आन्तरिक श्रोतलाई प्रभावकारी रुपमा परिचालन तथा उपयोग गर्ने पद्दतिको अवलम्बन गरिनेछ।

१४. स्रोत साधनमा परेको चाप, सिमित स्रोत साधनमा उच्चतम उपलब्धि हासिल हुने गरी गाउँपालिका र वडा कार्यालयका चालु खर्च न्यूनिकरण गरी पुँजीगत खर्चको गुणस्तर अभिवृद्धि गरिनेछ। सम्पुर्ण वडा कार्यालयहरु, शाखा कार्यालयहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु, गाउँपालिका अस्पत्ताल, गाउँकार्यपालिका कार्यालय लगायत सबै कार्यालयमा मितव्यिताको आधारमा न्यूनतम सामाग्री र स्रोतको उपयोग गरी सेवा प्रवाहको व्यवस्था मिलाईनेछ।

१५. अत्यावश्यक बाहेक गाउँपालिकाले दुइ पाङ्ग्रे वा चार पाङ्ग्रे सवारी साधन खरीद गरिने छैन। सबै प्रकारका सार्वजनिक सम्पतिलाइ सार्वजनिक सम्पति ब्यवस्थापन प्रणालीमा आवद्ध गरिनेछ।

१६. बजेट रकमान्तर तथा संशोधन गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ । बजेट तथा कार्यक्रम कार्यन्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण उपलब्ध गराइनेछ। फागुन मसान्त आयोजनाहरु सम्झौता गरिनेछैन।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

१७. अब म पालिकाको अघिल्लो ४ आर्थिक वर्षको यस सानीभेरि गाउँपालिकाले जम्मा कुल बजेट रकम २ अर्ब १९ करोड २० लाख २० हजार २ सय ९ रुपैयाँ विनियोजन गरेकोमा सानीभेरी गाउँपालिकालाई जम्मा वास्तविक आय १ अर्ब ९३ करोड ७९ लाख ३ हजार ८ सय ४३ रुपैयाँ प्राप्त हुँदा

हामिले अनुमान गरेको भन्दा ३२ करोड ४७ लाख २० हजार ८ सय २ रुपैयाँ प्राप्त नहुदा पालिकामा वर्षेनि दायित्व सर्दै आएको छ।

१८. अघिल्लो ४ आर्थिक वर्षमा यस सानीभेरि गाउँपालिकाले चालुमा रु.१ अर्ब ५६ करोड ३२ लाख ४ हजार ४ सय ७६ रुपैया विनियोजन गर्दा १ अर्ब ३ करोड ५० लाख ८७ हजार ५ सय ८६ रुपैया खर्च भएको छ। चालुमा प्रत्येक वर्ष औषदमा ९० % रकम खर्च हुदै आएको छ।पुँजिगत तर्फ पालिकाले ४ वर्षमा रु. ६१ करोड ५६ लाख ३८ हजार २ सय १ रुपैया बिनियोजन गर्दा हाल सम्म रु.४५ करोड १४ लाख २३ हजार २ सय १५ रुपैया खर्च भएको छ। पुजिगँत तर्फ प्रत्येक वर्ष औषदमा ८५ % रकम खर्चहुदै आएको छ।

१९. पालिकाले ४ वर्षमा ५ करोड ७४ लाख १२ हजार ५३ रुपैया आन्तरिक स्रोतबाट आम्दानि गरेको छ।

२०. अब म आर्थिक वर्ष २०८२/८३ को कुल आय व्ययको अनुमानित विवरण यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

२१. गाउँपालिकाको लागि संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत वित्तिय समानीकरण अनुदान रकम रु.९ करोड ३५ लाख, सशर्त अनुदान चालु रू. २१ करोड ५५ शसर्त अनुदान पुंजिगत रू. २ करोड ८२, बिशेष अनुदान चालु रू. १ करोड ६५ लाख बिनियोजन भएकोमा हालसम्म प्राप्त भएको रकम  रु. ३२ करोड ५५ लाख ७३ हजार ३ सय ६० रहेको छ।

२२. त्यसै गरी चालू आर्थिक वर्षमा मा कर्णाली प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान अर्न्तगत रू. १ करोड १६ लाख ५४ हजार, शसर्त अनुदान पुँजीगत तर्फ रू.२ करोड ४५ लाख, शसर्त अनुदान चालू रू.११ लाख ५६  हजार, समपुरक अनुदान पुँजीगत १ करोड ७७ लाख र विशेष अनुदान पुँजिगत ९० लाख गरी जम्मा रू.४ करोड ६० लाख ६८ हजार

प्रक्षेपण भएकोमा हालसम्म रु.६ करोड ३९ लाख ५६ हजार  विनियोजन भएकोमा  ३ करोड  ७ लाख २३ हजार  ५ सय ६० रुपैया प्राप्त भएको छ।

२३. राजश्व बाँडफाँडबाट संघ तथा प्रदेश सरकारबाट रू.९ करोड ५७ लाख ६८ हजार ८ सय ७१ रूपैयाँ अनुमान प्राप्त भएकोमा हालसम्मको प्राप्त राजश्व रकम ८ करोड १६ लाख ४१ हजार ६ सय ७४ रहेको छ  भने सानीभेरी गाउँपालिकाको राजस्व बाँडफाड स्थानीयबाट ६४ लाख अनुमान गरेकोमा रु. ४४ लाख २८ हजार ५ सय ५० प्राप्त भएको छ।

२४. गाउँपालिकाको आन्तरिक आयबाट रू. १ करोड ८६ लाख ४६ हजार र बैंक नगद मौज्दात रू. १ करोड १३ लाख ५१ हजार ३ सय  गरी कुल बजेट रू. ५५ करोड ५६ लाख ७० हजार ८ सय प्रक्षेपण भएकोमा यो सभा चलिरहदा सम्म विनियोजित स्वीकृत बजेटको पुंजिगत र चालु गरी ४६ करोड ३४ लाख १६ हजार ४ सय २६ रुपैया अर्थात ८३.३९ प्राप्ति भएकोमा ३६ करोड ३२ लाख अर्थात ६५.६७ प्रतिशत खर्च भएको अवस्था रहेको छ।

२५. सामाजिक सुरक्षा लगायतका अन्तरसरकारी अख्तियारी शिर्षकमा अनुमानित रु ९ करोड १४ लाख ३१ हजार प्रक्षेपण भएकोमा हाल सम्म खर्च रु. ६ करोड ७६ लाख १९ हजार ६ सय ९७ रुपैया खर्च भएको छ।

२६. चालू आर्थिक वर्षको गाउँपालिकाको समग्र प्रगति बिबरण र मुख्य मुख्य आर्थिक, सामाजिक एवं पूर्वाधारसँग सम्बन्धित परिसूचक र तथ्याङ्क समावेश भएको विवरणहरु अनुसूचीमा समाबेश गरिएको छ।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

२७. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**अधुरा तथा क्रमागत र बहुवर्षीय आयोजना तर्फ**

२८. चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका योजनाहरु समयमा नै सम्पन्न गर्न र विगत आर्थिक वर्षमा भएका योजनाहरुको दायित्व भुक्तानीका लागि आवश्यक बजेटको व्यवस्थापन गरिएको छ।

**वडास्तरबाटै सम्पन्न हुने आयोजनातर्फ**

२९. हरेक वडाको सन्तुलित विकासका लागि सम्बन्धित वडास्तरबाट कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाइनेछ। यसरी कार्यान्वयन हुने आयोजनाका लागि प्रत्येक वडामा सुत्रमा आधारित विधिबाट सबै वडामा रु.१ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।यसबाट वडागत रुपमा विकासमा थप प्रतिष्प्रर्धा हुने अपेक्षा राखिएको छ।

३०. अब म आगामी आर्थिक वर्षको बजेटका मुख्य- मुख्य क्षेत्रगत कार्यक्रम र व्यय अनुमानको विवरण प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

आर्थिक विकास

३१. पशु सेवा तथा पशु स्वास्थ्यलाई सुदृढ रुपमा संचालन गर्नका लागि आवश्यक पर्ने औषधी व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।पशुको नश्ल सुधार गर्नका लागि कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई निरन्तरता दिइ आवश्यक बजेट विनियोजन गरेको छु।

३२. पशुपन्छीमा आकस्मिक रूपमा देखिने महामारी रोग नियन्त्रण र इपिडेमियोलोजिकल रीपोर्टिंग कार्यक्रम तथा पशुहरुको गर्भ परिक्षण गर्नका लागि भिडिओ एक्स-रे उपकरण व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३३. पशुपन्छीको विभिन्न रोगहरुको निदानका आधारभूत प्रयोगशाला निर्माण तथा व्यवस्थापन पशुपन्छी उपचार कक्ष (डिस्पेन्सरी) निर्माण तथा

व्यवस्थापनका र रेबिज रोगको प्रकोप न्यूनीकरण गर्नका लागि रेबिज खोप शिविर संचालन लागि आवश्यक रकम बिनियोजन गरेको छु ।

३४. कृषकहरुको पशुपन्छीपालनमा प्राविधिक ज्ञान वृद्धि गर्नका लागि कृषकस्तर तालिम संचालन तथा युवा पशुपालन उद्यम कार्यक्रम, पशुपन्छी बीमा सम्बन्धि जनचेतना कार्यक्रम संचालन तथा बीमाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३५. बाँझो तथा उपयोगविहीन कृषि भूमिको सदुपयोग गरी फलफूल तथा मसला बाली क्षेत्रविस्तार कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

३६. रैथाने बाली कोदो, फापर, कागुनो, स्थानीय मकै, सिमी, भटमास लगायतका स्थानीय जात तथा कृषि जैविक विविधताको संरक्षण, गुणस्तरीय बीउ उत्पादन, मूल्य अभिवृद्धि तथा बजारीकरणका लागि बजेट आवश्यक विनियोजन गरेको छु। माटो स्वास्थ्य सुधार कार्यक्रमका लागि रु ७ लाख बजेट विनियोजन गरेको छु।

३७. कृषि कार्यमा प्रयोग हुने मिनी टिलर, पावर टिलर, रिपर, थ्रेसर, स्प्रेयर, च्याफकटर, कुटानीपिसानी उपकरणमा साझेदारी अनुदान तथा युएनडिपीले निर्माण गरेको हाइब्रिड मोडलको १० मेट्रिक टनको चिस्यान केन्द्र सञ्चालनमा आवश्यक बजेट विनियोजन गरेको छु।

३८. कृषि र पशु क्षेत्रका उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि रु.१५ लाख बजेट विनियोजन गरिएको छ। यस आर्थिक वर्षमा सञ्चालित पकेट विकास कार्यक्रमको निरन्तरताको लागि रु ६ लाख रकम विनियोजन गरेको छु।

३९. सानीभेरी गाउँपालिकाको कृषि क्षेत्रको आधुनिकरण तथा व्यवसायिकरणका लागि कृषकहरुको क्षमता अधिवृद्धि तथा प्रविधि हस्तान्तरण र समग्र कृषि तथा पशुपंक्षी क्षेत्रको विकासका लागि रु १ करोड १५ लाख रकम विनियोजन गरेको छु।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

## स्वास्थ्य

४०. नमुना स्वास्थ्य सेवाको रुपमा विकशित गर्न  आधारभुत स्वास्थ्य सेवालाई परिष्कृत स्वास्थ्य सेवाको रुपमा समानुकुल उपचारात्मक सेवा थप गर्दै स्वास्थ्यमा पहुँच अभिवृद्धि गरिने  छ । स्वास्थ्य सेवा थप विस्तार गर्न आवश्यक वजेट मिलाएको छु ।आगामी आर्थिक वर्षवाट १५ सैया अस्पतालको नयाँ भवनवाट स्वास्थ्य सेवा दिन अन्तरंग सेवा संचालनको लागि आवश्यक वजेट व्यवस्था मिलाएको छु ।

४१. पालिकाभरका स्वास्थ्य संस्थाहरुमा  औषधी अभाव हुन नदिन अत्यावश्यक निःशुल्क औषधी खरिदका लागि  २० लाख रकम विनियोजन गरिएको छ । यसवाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क हुने विश्वास लिएको छु ।मृगौला प्रत्यारोपण गरेका डायलाईसिस गराईरहेका क्यान्सर रोगी र मेरुदण्डका पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार वापत मासिक रु ५ हजारका दरले उपलब्ध गराउँनको लागि रु १२ लाख ४० हजार विनियोजन गरिएको छ ।

४२. गाउँपालिका अस्पतालमा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीहरुलाई अतिरिक्त समय काम गरे वापत परिमार्जित कार्यविधिका आधारमा विशेष प्रोत्साहन तथा जोखिम भत्ता उपलब्ध गराउँन रु ९ लाख विनियोजित गरिएको छ।

४३. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम पालिका भर अभियानका रुपमा संचालन गरि सुनौला १००० दिने आमाहरु तथा वालवालिकाहरुको पोषण अवस्था सुधार गर्न रु ४१ लाख विनियोजन गरेको छु ।यस वाट लक्षित

महिला तथा वालवालिकाहरुको पोषण अवस्था सुधार हुने अपेक्षा लिएको छु।

४४. परिवार नियोजन सेवा,प्रजन्न रुग्णता सेवा,किशोरकिशोरी तथा प्रजन्न स्वास्थ्य सेवा ,मातृ तथा नवशिशु कार्यक्रम,पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको लागि नियमित खोप सुदृढिकरण र वालस्वास्थ्य कार्यक्रमहरुमा रु ३८ लाख ९२ हजार विनियोजन गरिएको छ ।यसवाट पूर्ण खोप सुनिश्चितता र दिगोपनाका क्रियाकलाप ,किशोर किशोरी, महिलाहरु र वाल स्वास्थ्यको स्वास्थ्यमा ठुलो सुधार हुने अपेक्षा गरिएको छ ।

४५. समुदाय स्तरको स्वास्थ्यको तल्लो तहमा काम गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकाहरुको लागि प्रोत्साहान र यातायात खर्चको लागि रु २० लाख ३६ हजार विनियोजित गरिएको छ ।यसले समुदायको स्वास्थ्य प्रर्द्धन प्रतिकारात्मक र उपचार सेवामा ठुलो टेवा मिल्नेछ ।आयुर्वेद कार्यक्रमको माध्यमवाट मानिसमा रोगदर मृत्युदर र स्वास्थ्यको प्रवर्द्धन गर्न नागरिक आरोग्य केन्द्र संचालन व्यवस्थापन र कार्यक्रम संचालन गर्न रु ५ लाख विनियोजन गरिएको छ ।

४६. स्वास्थ्य संस्थाले दिइने सेवालाई नियमन गरि सवै संस्थाको न्युनतम सेवा मापदण्ड मापन गरिने छ । स्वास्थ्य क्षेत्रलाई डिजिटलाइजेशन तथा प्रविधि मैत्री गराउँन स्वास्थ्यमा हुने घटनालाई नियमित तथ्याङ्कको रुपमा एकिकृत गरि तथ्याङ्कको गुणस्तर वृद्धिका लागि मासिक वैठक, जिन्सि व्यवस्थापन तालिम संचालन गर्न ४ लाख ३ हजार वजेट विनियोजन गरेको छु ।यसले स्वास्थ्य सेवाको तथ्याङ्क नियमित र गुणस्तर वृद्धि हुने अपेक्षा गरेको छु।

४७. आकस्मिक स्वास्थ्य सेवा दिन बिरामी स्वास्थ्य संस्थामा ओसार पसार गर्न संचालनमा रहेका एम्वुलेन्सहरुको व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।आर्थिक रुपमा विपन्न तथा गरिब सुत्केरी

महिलाहरुको जीवन रक्षा गर्न निःशुल्क एम्वुलेन्स सेवा दिने व्यवस्था मिलाएको छु।

४८. समुदायमा रहेका व्यक्तिहरुलाई निरोगी वनाउँन विभिन्न स्वास्थ्य सचेतना अभियान संचालन ल्याइने छ ।म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य कार्यक्रम अन्तर्गत घरटोलमा गएर स्वस्थ प्रवर्द्धन अभियान संचालन गरिनेछ ।यसका लागि ४ लाख ६० हजार रकम विनियोजित गरेको छु ।मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्वन्धी कार्यक्रम र समुदाय स्तरमा नसर्ने रोगहरुको स्क्रिनिङ्ग शिविर संचालन गर्न आवश्यक रकम विनियोज गरेको छु।

४९. राष्टिय क्षयरोग कार्यक्रमको समिक्षा तथा कोहर्ट विष्लेषण औषधी उपचार परिक्षण शिविर संचालन तथा कार्यक्रमको अनुगमन गर्न रु २ लाख वजेट विनियोजन गरेको छु ।यसले क्षयरोग बिरामीको उपचार परिक्षण र समुदायमा रोग सर्ने दरमा कमी आइ क्षयरोग मुक्त पालिका अभियानमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

५०. शहिद परिवारका सदस्यहरुलाई स्वास्थ्य सेवामा पकेटवाट पैसा खर्च हुन नदिन निशुल्क स्वास्थ्य विमा र परिचय पत्र वितरण गरिनेछ ।विद्यालय स्वास्थ्य शिक्षा योग स्वास्थ्य शिविर विभिन्न दिवसीय कार्यक्रम तथा राष्ट्रिय अभियानहरुको संचालन गर्न बजेट अभाव हुन नदिने व्यवस्था मिलाएको छु।

५१. स्वास्थ्य सेवामा कार्यरत स्थायी र गाउँपालिका करार स्वास्थ्यकर्मीहरुको तलब भत्ता लगायतका स्वास्थ्य सेवा सुविधाको लागि ३ करोड ५८ लाख रकम विनियोजन गरिएको छ। स्वास्थ्य शाखाको लागि अन्य आवश्यक वजेट विनियोजन गरिएको छ।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

## शिक्षा

५२. विद्यालय निरीक्षण, अनुगमन तथा शिक्षकको निरन्तर पेसागत क्षमता विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्नका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु। सबै विषयका शिक्षकका लागि पुनर्ताजगी शिक्षक तालिम सञ्चालन गर्नका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु। शिक्षकको कक्षा अवलोकन, पृष्ठिपोषण प्रदान, नमूना कक्षा प्रदर्शन, सहपाठी कक्षा अवलोकनका कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५३. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी शिक्षण गर्ने प्रयोजनको लागि आवश्यक बजेट विनियोजन गरेको छु। चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिनका लागि रु.१० लाख र विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमको लागि रु २५ लाख ६८ हजार बजेट विनियोजन गरेको छु।स्थानीय पाठ्यपुस्तक निर्माण र विद्यालयस्तरीय परीक्षा सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु। विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड वितरण गर्नका लागि रु १७ लाख ८७ हजार बजेट विनियोजन गरेको छु।

५४. प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि दिवा खाजा उपलव्ध गराउनका लागि रु १ करोड ४४ लाख ७ हजार बजेट विनियोजन गरेको छु।

५५. शैक्षिक सुशासन प्रवर्द्धनका, शैक्षिक भ्रमण कार्यक्रम, अन्तरविद्यालय शिक्षण कार्यक्रम, आठौं राष्ट्रपति शिल्ड तथा क्रिकेट प्रतियोगिता, शिक्षक विद्यार्थी पुरस्कार, गाउँपालिका स्तरीय प्रतिभा पहिचान कार्यक्रम, विद्यालय स्तरीकरण कार्य, विद्यालयको शैक्षिक गुणस्तर र सिकाई उपलव्धी अभिवृद्धिको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५६. सानीभेरी गापाका उत्कृष्ट खेलाडीलाइ सम्मान तथा प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ। खेलकुद प्रशिक्षकको ब्यवस्था गरी विद्यालय स्तर देखी नै प्रतिभावान खेलाडी उत्पादन गर्न  आवश्यक वजेट विनियोजन गरिएको छ।

५७. राष्ट्रिय मौराखारा गुरिल्ला म्याराथन सञ्चालन र ब्यवस्थापनका लागि रु.१० लाख विनियोजन गरेको छु।

५८. गाउँपालिकामा कार्यरत अनुदान शिक्षकहरुको लागि तलब भत्ता लगायतमा रु. ३ करोड ३० लाख बजेट विनियोजन गरेको छु।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

## पूर्वाधार विकास

५९. उद्यमशीलता विकास सहजीकरण केन्द्र संचालन गरिनेछ। लघु उद्यम कार्यक्रम मार्फत उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी विकास गर्न तथा एडभान्स सिप विकास तालिम संचालन गर्न रु.११ लाख विनियोजन गरिएको छ।

६०. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत उत्पादन र उद्यमशिलता मार्मत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभुति, सीप विकास उद्यमशिलता प्रवर्द्धन, पुन एकिकरण, वैदिशक रोजगारबाट फर्किएकाहरुलाई तालिम तथा व्यवसाय सञ्चालन तालिम, दलित, जनजाति, महिला तथा युवा लक्षित आय आर्जनका कार्यक्रम सञ्चालन गर्न रु २१ लाख बजेट विनियोजन गरेको छु।

६१. सानीभेरी गाउँपालिका बसपार्क निर्माण आयोजना, मेलचौर खेत कोटगाउँ कृषि सडक स्तरोन्नति, झोलुङ्गे पुल निर्माण, विद्यालय शौचालय निर्माण, दिगो सरसफाइ आयोजना अन्तर्गत नयाँ तथा पुराना खानेपानी आयोजना निर्माण र मर्मत, मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ११ वटा योजना, सशर्त अनुदानका ७ वटा योजना, तल्लाचौर एक घर एक खानेपानी लिफ्टिङ

खानेपानी योजना, डम्पिङ साइडको लागि गोलडाँडा खारखानी जुम्लिपोखरी गाईछिर्ने सडक निर्माण, सुरक्षित नागरिक आवास, पालिका भित्रका सडक मर्मत सुधार, पुराना आयोजना सञ्चालन र व्यवस्थापन लगायतका योजनाहरुमा रु ५ करोड ५० लाख रकम विनियोजन गरेको छु।

६२. स्यार्पु पावर कम्पनि लिमिटेडमा थप लगानिका लागि रु ५० लाख रकम विनियोजन गरेको छु।

६३. एक झोलुङ्गे पुल एक संरक्षकको ब्यबस्था गर्न पारिश्रमिक स्वरुप रु.१ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

६४. पर्यटकीय गतिविधि बढाउन र आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने गरि होम स्टे तालिम सञ्चालन गर्न  र गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय पदमार्गहरु बनाउन आवश्यक बजेट ब्यवस्था गरेको छु।

६५. कला, साहित्य ,भाषा र संस्कृतिको विकास तथा प्रवर्द्धन गरी पालिका स्तरीय प्रज्ञा प्रतिष्ठान स्थापनाका लागि  आवश्यक बजेट  छुट्याएको छु।

६६. मौराखारा रेडियोलाइ थप ब्यवस्थित र सुदृढ बनाउन रु.५ लाख विनियोजन गरेको छु।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

**महिला, बालबालिका, घाइते तथा अपाङ्ग**

६७. महिलाहरु विरुद्ध हुने घरेलु हिंसा तथा हिंसापिडित महिलाहरुको आयआर्जनका लागि आबश्यक बजेट विनियोजन गरिएको छ । यसबाट समाजमा  विभेद, शोषण तथा उत्पीडनलाई न्युनीकरण गर्न मद्दत मिल्ने विश्वास मैले लिएको छु। पालिकाभित्र रहेका विपन्न छोरीहरुका लागि अन्य निकायसंग साझेदारी  गरी उनीहरुको पढाइ निरन्तरताका लागि आवश्यक बजेटको ब्यवस्था गरिएको छ।

६८. आपतकालीन बाल उद्धार कोष र गाउँपालिका स्थित बालबालिका सम्वन्धि संरचनाको क्रियासिलता एवं शसक्तिकरणको लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु।

६९. विभिन्न कारणले जोखिममा रहेका बालबालिकाको विद्यालय शिक्षामा निरन्तरता दिन शैक्षिक सहायता कार्यक्रमको लागि रु. २ बजेट विनियोजन गरेको छु।

७०. समाजमा कुरितिको रुपमा जडा गाडेर बसेको बालविवाह अन्त्यका लागि विद्यालय तथा समुदाय,  स्तरमा बालविवाह बिरुद्धको सचेतनामुलक अभियान अगाडी बढाइने छ। जसका लागि रु ४ लाख बजेट बिनियोजिन गरेको छु।

७१. आमाबुवा दुबै गुमाएका वा आमाबुवा मध्ये एकको मृत्यू भई एक जना पुर्ण अशक्तता वा अतिअक्तता भएका व्यक्तिका १८ वर्ष मुनीका बालबालिकालाई नियमित शिक्षा एवं संरक्षणका लागि बिगत बर्ष देखि मासिक रु २ हजारका दरले प्रदान गर्दै आएको भत्तालाई निरन्तरता दिदै १ लाख ६८ हजार बजेट बजेट विनियोजन गरिएको छ।

७२. यस गाउपालिकालाई बालमैत्री पालिका घोषणाको आधार तय गर्न वडा नं ९ लाई बालमैत्री वडा घोषणा प्रक्रिया थाल्ने गरी आवश्यक सुचकमा आधारित रही कार्य गर्ने योजना लिइएको छ। जसका लागि रु २ लाख बजेट व्यवस्था गरिएको छ।

७३. महिला, एकल महिला, दलित तथा अति बिपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरुको आर्थिक तथा सामाजिक शसक्तीकरणका लागि आबश्यक बजेट विनियोजन गरिएको छ।

७४. जेष्ठ नागरिकको मर्यादित र सम्मानित जीवनयापनका लागि जेष्ठ नागरिक सम्मान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

७५. अपाङ्ग जेष्ठनागरिक तथा लैङ्गिक समावेशी संस्थागत शौचालय सुधार तथा संरचना निर्माणका लागि आबश्यक बजेट विनियोजन गरिएको छ।

७६. बिहे नगरि ४० वर्ष पुरा भएका तथा १२ बर्षसम्म निजको श्रीमान बेपत्ता भए कष्टकर एकल जीवन विताइरहेका एकल महिलालाई कार्यविधीका

आधारमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्न रु.५ लाख विनियोजन गरिएको छ।

७७. महिला तथा बालबालिका लागि अन्य आवश्यक बजेटको विनियोजन गरिएको छ। पालिकाभित्र रहेका संगठित र असंगठित क्षेत्रका ब्यक्तिहरुलाइ सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नका लागि रु २० लाख विनियोजन गरिएको छ।यसले सेवाको सुरक्षाको साथै मजदुर र कर्मचारी दुबैको मनोबल उच्च राख्ने विश्वास गरिएको छ।

७८. युवाहरुको क्षमता तथा नेतृत्व विकास गर्न युवा क्लब गठन, युवा समूह परिचालन र युवामा नवप्रवर्तनशील उद्यमशीलताको विकास जस्ता कार्यक्रमहरु संचालन आवश्यक बजेट ब्यवस्था गरिएको छ।

७९. समाजमा हुने विभिन्न खाले बिभेदको अन्त्य गर्न दलित समुदाय सशक्तिकरण कार्यक्रम तथा सीपको स्तरीकरण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

८०. श्रमको सम्मान सानीभेरीको अभियान अन्तर्गत विभिन्न सिप बिकासका कार्यक्रम सन्चालन गरी आत्मनिर्भर युवा बन्नका लागि प्रोत्साहन गर्न आबश्यक बजेट ब्यवस्था गरिएको छ।

८१. गाउँपालिकामा रहेका सहकारी संस्थाहरुको क्षमता विकास गरी प्रणालीलाई सुढृढीकरण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

८२. महिनावारी सरसफाइ प्रवर्धन लैङ्गिम समानता समावेशिता र समाजिक उत्तरदायित्व जेडसी सम्वन्धी क्रियाकलाप संचालन गर्न रु १६ लाख ८० हजार विनियोजन गरिएको छ।यसबाट लैङ्गिक समानता र क्षमता विकासमा अभिवृद्धि हुने विश्वास लिइएको छ।

८३. शहिद परिवार र सशस्त्र द्धन्द्धमा घाइते भइ आर्थिक अभावमा कष्टकर जीवन ब्यतीत गरिरहेका ब्यक्तिहरुको उपचार सहायताका लागि रु ५ लाख विनियोजन गरिएको छ।शहिद परिवारलाइ निशुल्क विमा र परिचय पत्र वितरणको ब्यवस्था गरिएको छ।

८४. महिलासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत महिलाहरुको आयआर्जन, एकल महिलाहरुको लागि सिपमुलक तालिम र प्रजनन स्वास्थ्य परिक्षणका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

**सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र**

८५. खरिदमा सँलग्न कर्मचारीको कार्यक्षमतामा सुधार ल्याइ सेवा र विकासका कार्यहरुमा सक्षमता अभिवृद्धि गर्न, राजश्व व्यवस्थापन प्रणाली, पञ्जिकरण सम्बन्धी, राष्ट्रसेवक कर्मचारी सम्मान, अन्तरपालिका अवलोकन भ्रमण, प्रविधिको प्रयोग तथा सफ्टवयर प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु।

८६. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, सार्वजनिक सुनुवाइ, फाइबर नेट जडान र गाउँपालिकाको डिजिटल प्रोफाइल अद्यावधिक गर्न रु ३ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

८७. न्यायिक समितिको परिचालन तथा संचालन मेलमिलाप केन्द्रलाई व्यवस्थित र प्रभाकारी बनाउन मेलमिलाप सम्वन्धी उत्कृट काम गर्ने मेलमिलाप कर्ताहरुलाइ कार्यविधिका आधारमा निश्चित पारिश्रमिकको ब्यवस्था गर्नको लागि रु.२ लाख बजेट विनियोजन गरेको छु।

८८. बेरुजु फछ्र्यौट गर्न विज्ञ परामर्श सेवा लिन रु १ लाख बजेट विनियोजन गरेको छु।

८९. सानीभेरी नदिमा देखा पर्ने वेवारिसे लास तथा आकस्मिक दुर्घटना भइ ज्यान गुमाएका सानीभेरी बासीहरुको मृत लास परिक्षण गर्दा लाग्ने यातायात खर्चका लागि रु.१ लाख विनियोजन गरेको छु।

९०. सिम्लि तथा पेदि बजारको फोहर व्यवस्थापन लगायतका कार्यका र सामाजिक सुरक्षा भत्ता वितरण कार्यका लागि गाडी भाडाका लागि रु ८ लाख विनियोजन गरेको छु।

९१. विकास निर्माणलाई गुणस्तरीय र दिगो बनाई उपभोक्ता समितिलाई जिम्मेवार बनाउन र क्षमता विकास गर्न उपभोक्ता समितिको अभिमुखिकरण गर्न रु २ लाख बजेट विनियोजन गरेको छु।

९२. विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र पुनः स्थापना तथा पुनर्लाभका कार्यहरु सञ्चालन तथा ब्यबस्थापन गर्न विपद् ब्यबस्थापन कोषको लागि रु.१५ लाख बजेट विनियोजन गरेको छु।

९३. वन, वातावरण, जलवायु अनुकुलता तथा स्वास्थ्य प्रणालीको सुदृढिकरणका कार्यक्रमहरु कार्यन्वयन गर्नको लागि आबश्यक बजेट विनियोजन गरेको छु।

९४. सानीभेरी गाउँपालिका डिजिटल गाउँपालिका बनाउन गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गर्न आवश्यक व्यवस्था मिलाएको छु।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**
**कार्यालय संचालन तथा प्रशासनिक**

**९५.** सानीभेरी गाउँपालिका अन्तर्गतका वडा कार्यालय शाखा कार्यालयमा कार्यरत स्थायी तथा करार कर्मचारीको तलब भत्ता तथा कार्यालय संचालन खर्चका **लागि रु.८ करोड ८२ लाख ९६ हजार ६५ अर्थात १६.३६ प्रतिशत विनियोजन गरिएको छ।**

९६. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनको लागि बजेट बिनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यन्वयन र अनिवार्य दायित्व भुक्तानीका लागि स्थानीय सञ्चित कोषबाट हुने व्ययभार तर्फ रु. ५५ करोड ८ लाख २४ हजार विनियोजन गरिएको छ। युएनडिपी मार्फत रु ७१ लाखमा चिस्यान केन्द्र निर्माण हुने तथा

नाफा परियोजना, पाँचतारा युवा संरक्षक मन्च, सिएमसी नेपाल, आवाज संस्था, टिपिओ, सुधार परियोजना, परिलक्षित, जनजागरण मञ्च, युनिसेफ नेपाल, रुकुमेलि समाज विकास केन्द्र नेपाल लगायतका गैर सरकारी संघ संस्थाद्धारा विकास, जीविकोपार्जन, स्वास्थ्य सेवा र प्रणालीको सुद्धिढिकरण, विपद् व्यवस्थापन, उद्यमशिलता सामाजिक न्याय र समानता कायम गर्न क्षेत्रमा रु. ४ करोड २० लाख ५६ हजार ८ सय ९१ परिचालन हुने अनुमान गरिएको छ।

१७. आगामी आर्थिक वर्षको लागि कुल बिनियोजित खर्च रु.५५ करोड ८ लाख २४ हजार मध्ये चालुतर्फ रु.**३९ करोड ३३ लाख ९२ हजार ४ सय बत्तीस** अर्थात ७१.४१ प्रतिशत र पुंजीगतमध्ये रु.**अक्षरेपी १५ करोड ७४ लाख ३१ हजार ५ सय ६८** रुपैया अर्थात २८.५८ प्रतिशत रहने अनुमान गरिएको छ।

१८. आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्वबाट रु १ करोड १२ लाख ८६हजार , स्थानीय तह राजस्व बाँडफाँड रु.३० लाख , संघबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु.९करोड ७९ लाख, संघबाट प्राप्त हुने समानीकरण अनुदान रु.९ करोड ४२ लाख, कर्णाली प्रदेशबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु.१५ लाख ४० लाख ८ सय ३५, कर्णाली प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान रु.१ करोड २० लाख ५४ हजार, संघबाट प्राप्त हुने शसर्त अनुदान चालू तर्फ रु.२१ करोड ९७ लाख, शशर्त अनुदान पुँजीगत तर्फ रु.२ करोड ९६ लाख, विशेष अनुदान चालु १ करोड, समपुरक अनुदान पुँजीगत १ करोड ५५ लाख र कर्णाली प्रदेश समपुरक अनुदान रु. १ करोड १९ लाख, शसर्त अनुदान पुँजीगत रु. २ करोड ७५ लाख, शसर्त अनुदान चालु रु.१६ लाख २४ हजार, विशेष अनुदान पुँजीगत ५० लाख र गाउँपालिकाको गत आर्थिक वर्षको नगद मौज्जात रु.१ करोड प्राप्त हुने अनुमान गरिएको छ।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक बर्ष २०८२/०८३ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

**राजश्व परिचालनको नीति तथा कार्यक्रम**

९९. राजश्व परामर्श समितिको परामर्श तथा सुझाव र राजश्व सुधार कार्ययोजना २०८२ अनुसार राजश्वका नयाँ क्षेत्रको पहिचान गरी संकलन तथा दायरा विस्तार गर्ने व्यवस्था मिलाएको छु । ढुङ्गा गिट्टी बालुवाको समयमै टेन्डर आह्वान भइ ठेक्का मार्फत राजस्व संकलन गर्ने ब्यवस्था गरिएको छ ।

१००. गाउँपालिकामा दर्ता भएका ब्यवसायहरुलाई पौष मसान्त सम्म नवीकरण गर्न आएमा जरिवाना मिनाहाको ब्यवस्था मिलाइएको छ। करदाताको कर आफ्नै गाउँपालिकाको सेवा र विकासको लागि हो भन्ने मान्यतलाई आत्मसाथ गर्दै करदाता शिक्षा संचालन गर्ने ब्यवस्था मिलाइएको छ। यसै पालिकाबाट करदाता सेवा सञ्चालन चालु आर्थिक वर्षबाट गरिएको छ।

१०१. स्थानीय तहलाई प्राप्त कराधिकारका क्षेत्रहरु सम्पति कर, भूमि कर, घर बहाल कर, व्यवसाय कर ,जडिबुटी कवाडी र जीवजन्तु कर सवारी साधन कर विज्ञापन कर मनोरञ्जन कर बहाल बिटौरी कर सेवा शुल्क पर्यटन शुल्क लगायतमा कर असुली गर्ने ब्यबस्था मिलाइएको छ। भूमि तथा मालपोतमा चालू आर्थिक बर्षको माघ मसान्तसम्म कर तिर्दा ५ प्रतिशतसम्म कर छुट दिने व्यवस्था मिलाइएको छ।

१०२. गाउँपालिका र वडास्तरमा संकलन भएको कर मासिक रुपमा सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाइएको छ । ३ लाख मुनिका उद्योग र १० लाख मुनिका ब्यवसाय पालिकाभित्रै दर्ता नवीकरण र खारेजीको ब्यवस्था रहेको यसबाट आन्तरिक आयमा टेवा पुग्ने विश्वास लिएको छु।

१०३. कर संकलन, दायरा विस्तार र कर छुट सम्बन्धी ब्यबस्था कानुन बमोजिम हुने गरी मिलाइएको छ । दलित तथा अपाङ्गता भएका व्यक्तिले सञ्चालन

गरेको व्यवसायमा व्यवसाय करमा २० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छ।

**सभाका अध्यक्ष महोदय एवम् सभा सदस्यज्यूहरु,**

१०४. आर्थिक वर्ष २०८१/ ०८२ को यथार्थ खर्च र आर्थिक वर्ष २०८२/०८३ को संशोधित अनुमान शीर्षकगत र स्रोत सहितको यसैसाथ पेश गरिएको छ।

१०५. आर्थिक बर्ष २०८३/०८४ को बजेट कार्यन्वयनबाट उत्पादन वृद्धि रोजागारीका असवर तथा सम्मानपूर्ण जीवनको आधार निर्माण गर्ने लक्ष्य लिएको बजेटले सानीभेरी गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकास, पुननिर्माण र समग्र गाउँपालिकाको विकास तथा समृद्धिका आकाक्षाहरु पूरा हुने अपेक्षा लिइएको छ। प्रस्तुत गरिएको बजेट कार्यन्वयनमा सम्बद्व सबै पक्षको रचनात्मक सहयोग तथा सुझाव प्राप्त हुने विश्वास लिइएको छु।

१०६. प्रस्तुत बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहइवग पुर्याउनुहुने पालिका अध्यक्ष ज्यू, कार्यपालिका सदस्यज्यु, सभा सदस्यज्यु, राजनीतिक दलका प्रतिनिधि, पूर्व जनप्रतिनिधिहरु, सञ्चार जगत्, विभिन्न संघ संस्था एवं विकास सहयात्री लगायत सम्पूर्ण गाउँपालिकाबासी दाजुभाई, दिदिबहिनी तथा अहोरात्र खटिने पालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछु। साथै आय र क्षेत्रगत व्यय समेटीएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित गाउँ सभा समक्ष जानकारी गराउँछु।

धन्यवाद।।

**कमला रोका पुन**

उपाध्यक्ष
सानीभेरी गाउँपालिका रुकुम (पश्चिम भाग)
मिति २०८३/०३/१० गते बुधवार